# नेपाल गजेट

## भाग ४


श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १४] काठमाडौं, ज्येष्ठ १५ गते २०२१ साल [ अतिरिक्ताङ्क २


### श्री ५ महाराजाधिराजको प्रमुख सचिवालय, राजदरबारको विज्ञप्ति

श्री ५ महाराजाधिराजबाट नेपालको संविधानको धारा ७२ को खण्ड (ख) अनुसार नियुक्त न्यायिक समिति ( यसपछि समिति भनिएको ) का सम्बन्धमा देहाय बमोजिम गर्नु, गराउनु भन्ने हुकुम बक्सेकोले सर्वसाधारणको जानकारीका लागि यो विज्ञप्ति प्रकाशित गरिएको छः—

१. समितिले हेर्ने निवेदनपत्रसम्बन्धी व्यवस्थाः– (१) सर्वोच्च अदालतको अन्तिम निर्णय भएको कुनै मुद्दा दोहऱ्याइपाउं भनी सो मुद्दाका सम्बन्धित पक्षले सो निर्णय भएको थाहा–पाएको ३५ (पैंतीस) दिनभित्र उप–प्रकरण (२),(३)र(४) को रीत पुऱ्याई ५।-(पांच) रुपैयांको टिकटदस्तूरसाथ श्री ५ मा चढाएको निवेदनपत्र मात्र समितिले हेर्नेछ ।

तर—

(क) यो विज्ञप्ति प्रकाशित हुनुभन्दा अगावै सम्वत् २०१८ साल वैशाख १ गते उप्रान्त सर्वोच्च अदालतबाट अन्तिम निर्णय भएको मुद्दामा त्यस्तो निवेदनपत्र यो विज्ञप्ति प्रकाशित भएको मितिले ६० (साठी) दिनभित्र चढाउन सकिने छ ।




आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) त्यस्तो निवेदनपत्र एकभन्दा बढी पटक चढाउन पाइनेछैन र यो विज्ञप्ति प्रकाशित हुनु अगावै सर्वोच्च अदालतबाट एक पटक दोहरिसकेको मुद्दामा पनि त्यस्तो निवेदनपत्र लाग्ने छैन,

(ग) श्री ५ को सरकारलाई सरोकार पर्ने मुद्दामा श्री ५ को सरकार वा सम्बन्धित पदाधिकारीका तर्फबाट चढाइने निवेदनपत्रमा टिकट दस्तूर लाग्नेछैन र अन्य मुद्दामा पनि समितिले निवेदकलाई टिकट दस्तूर बुझाउन नसक्ने ठहराएको निवेदनपत्रमा समेत सो दस्तूर नभए पनि कारवाइ हुनसक्ने छ ।

(२) उप-प्रकरण (१) अन्तर्गतको निवेदनपत्रमा हुनसकेसम्म देहायका कुराहरू खुलाएको हुनुपर्छः-

(क) निवेदकको नाम, थर, वतन,

(ख) सर्वोच्च अदालतमा निवेदक अपिलात, रेस्पोण्डेण्ट वा अरू कुन हैसियतमा थियो,

(ग) विपक्षी जतिजना छन् प्रत्येकको नाम, थर, वतन,

(घ) सर्वोच्च अदालतमा मुद्दा छिन्ने न्यायाधीशको नाम,

(ङ) सर्वोच्च अदालतबाट निर्णय भएको मिति र सो निर्णय निवेदकले कसरी कुन मितिमा थाहा पायो,

(च) सर्वोच्च अदालतका निर्णय बुंदाहरू र त्यसमा निवेदकको चित्त नबुझेका कुराहरू,

(छ) तत्सम्बन्धमा अरू कानूनी बुंदा भए सोसमेत,

(ज) निवेदकको माग र त्यसको कानूनी आधार ।

(३) उप-प्रकरण (१) अन्तर्गतको निवेदनपत्र संक्षेपमा सरल र शिष्ट भाषामा प्रकरण छुट्याई लेखिएको हुनुपर्छ र सर्वोच्च अदालतको सम्बन्धित निर्णयको रीतपूर्वकको एक प्रति नक्कल सो निवेदनपत्रसाथ नत्थी गरिएको हुनुपर्छ।

(४) यो प्रकरण अनुसारको निवेदनपत्र समितिको अफिस, राजदरवारमा दिनु वा पठाउनुपर्छ ।

२. समितिको कार्यविधिः- (१) समितिले प्रकरण १ बमोजिमको निवेदनपत्र हेर्दा सो निवेदनपत्र बाटै निरर्थक, खिचोल्याहा वा झुल्याउने किसिमको भन्ने ठहराएमा दोहऱ्याउने शिफारिश नगर्ने कारण खुलाई पर्चा खडा गरी तामेलीमा राख्न सक्नेछ ।

(२) उप-प्रकरण (१) बमोजिम निवेदनपत्र तामेलीमा नराखिने भई समितिबाट मुद्दा हेरिने भए तुरुन्त सर्वोच्च अदालतबाट वा सोद्वारा मुद्दाको छिनुवा मिसिलको पेपरबूक (टिपोट किताब) समेतका सम्बन्धित कागजपत्र झिकाई प्राप्त भएका साधारणतया १५ (पन्ध्र) दिनभित्र हेरी दोहऱ्याउन शिफारिश गर्ने वा नगर्ने कारण खुलाई पर्चा खडा गरिसक्नु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर त्यस्तो कारवाइमा निवेदक वा मुद्दाका अन्य पक्षलाई समितिमा उपस्थित गराइने छैन ।

(३) उप–प्रकरण (२) बमोजिम हेर्दा शिफारिश नगर्ने पर्चा भएमा समितिले श्री ५ मा जाहेर गरिराख्नु पर्दैन ।

(४) उप–प्रकरण (२) बमोजिम हेर्दा शिफारिश गर्ने पर्चा भएमा समितिले श्री ५ मा सो पर्चासाथ जाहेर गर्ने छ र मौसूफबाट मुद्दा दोहऱ्याउने आदेश बक्सेमा साधारणतया ७ (सात) दिनभित्र श्री ५ को प्रमुख सचिव वा सचिवले श्री ५ बाट समितिको शिफारिशमा मुद्दा दोहऱ्याउने आदेश बक्सेको व्यहोरा सर्वोच्च अदालतलाई लेखी पठाउने छ र निवेदकलाई श्री ५ को प्रमुख सचिवालयले सो कुराको सूचनासमेत दिनेछ ।

(५) समितिका काम कारवाइमा समितिका सदस्यहरूको राय फाटेमा सम्बन्धित सदस्य सबैको राय श्री ५ मा जाहेर गर्दा मौसूफबाट सदर गरिबक्सेको रायलाई समितिको राय ठहर मानिने छ ।

३. आन्तरिक प्रबन्ध मिलाउने अधिकारः– यो विज्ञप्तिका अधीनमा रही समितिले आफ्नो काम सुचारु रूपले गर्नको लागि आवश्यक आन्तरिक प्रबन्ध मिलाउन सक्ने छ ।

हुकुम बक्से बमोजिम,
सरदार हंसमान सिंह
श्री ५ महाराजाधिराजका प्रमुख सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।